बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

**खण्ड : ६** **संख्या : २** **भाग : २** **प्रकाशित मिति :२०७९/११/१५**

## एक वडा एक स्वास्थ्यकर्मी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यबिधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०९/१२

गाउँ कार्यपालिकाबाट प्रमाणिकरण मिति : २०७९/११/१५

**प्रस्तावनाः**

विद्यालय तहमा नै विधार्थीहरुको समग्र स्वास्थ्य, सरसफाई , पोषण , मानसिक स्वास्थ, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रर्वद्धन गर्न तथा सरुवा र नसर्ने रोग रोकथाम बारे जानकारी गराई स्वस्थ जीवनयापन अपनाउन उत्प्रेरित गर्न एक वडा एक स्वास्थ्यकर्मी कार्यक्रम अन्तरगत विद्यालयमा स्वास्थ्यकर्मी कार्यक्रमका लागि सेवा करारमा जनशक्ति व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी बैजनाथ गाउँपालिका एक वडा एक स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ जारी गरिएको छ ।

## परिच्छेद– १

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यस कार्यविधिको नाम "एक वडा एक स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।
(ख) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट .प्रारम्भ हुनेछ ।
**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
(क) "कार्यक्रम" भन्नाले "एक वडा एक स्वास्थ्यकर्मी कार्यक्रम, २०७९" सम्झनु पर्छ ।
(ख) "गाउँपालिका " भन्नाले बैजनाथ गाउँपालिका सम्झनु पर्छ ।
(ग) " अध्यक्ष" भन्नाले बैजनाथ गाउँपालिका अध्यक्ष सम्झनु पर्छ।
(घ) " स्वास्थ्यकर्मी" भन्नाले मान्यता प्राप्त संस्थाबाट स्टाफ नर्स, अनमी र हेल्थ असिस्टेण्ट उत्तिर्ण महिलालाई सम्झनु पर्छ ।
(ङ) " विद्यालय" भन्नाले बैजनाथ गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ ।
(च) " विद्यालय स्वास्थ्यकर्मी" भन्नाले एक वडा एक स्वास्थ्यकर्मी कार्यक्रम अन्तरगत छनौट भएको कर्मचारी सम्झनु पर्छ ।
(छ) "विद्यालय क्षेत्र विकास योजना" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा सन् २०१६ देखि सन् २०२२ सम्म राष्ट्रिय रूपमा कार्यान्वयन गर्ने गरी स्वीकृत भएको शैक्षिक योजना तथा कार्यक्रमलाई सम्झनुपर्छ ।
(ज) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।
(झ) " समिति " भन्नाले परिच्छेद २ बमोजिम गठित अन्तरवार्ता तथा सूचिकरण समिति सम्झनुपर्छ ।

## परिच्छेद–२

**३.** कार्यक्रमको उदेश्यः विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन कार्यक्रमको उदेश्य देहाय बमोजिन हुनेछ :
(क) विद्यालयमा प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने ।
(ख) विद्यार्थीहरुलाई पोषिलो खाना तथा सरसफाई बारे जानकारी गराउने र प्रोत्साहित गर्ने ।
(ग) विद्यालयमा पत्रु खाना (Junk Food) निरुत्साहित गर्ने ।
(घ) सेनेटरी प्याडको प्रभावकारी व्यवस्थापन गर्ने ।
(ङ) यौन तथा प्रजनन, मानसिक, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परिक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने ।
(च) विद्यार्थी, शिक्षक, कर्मचारी, परिवार एवं समुदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने ।
(छ) सर्ने तथा नसर्ने रोगहरुको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
(ज) विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

## परिच्छेद–३
## कार्यक्रम सञ्चालन सम्बन्धि व्यवस्था

४. कार्यक्रम सञ्चालन : (१) यस गाउँपालिका भित्र सञ्चालित सम्पुर्ण सामुदायिक आ.वि. (कक्षा १ देखि ८) र मा.वि. (कक्षा १ देखि १२ ) सम्मका सबै विद्यालयहरुमा लागु हुनेछ ।

## परिच्छेद–४
## विद्यालय स्वास्थ्यकर्मी छनौट सम्बन्धी व्यवस्था

५. विद्यालय स्वास्थ्यकर्मी छनौटः विद्यालय स्वास्थ्यकमीको छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :

(१) विद्यालय स्वास्थ्यकर्मी छनौटका लागि स्वास्थ्यकर्मीको शैक्षिक योग्यता तथा सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सुचनापाटी, वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसुची १ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्द्र) दिनको सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२)आवेदन फारामको नमूना अनुसुची २ बमोजिम हुनेछ । आवेदन दस्तुर गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

(३)उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा परिच्छेद ५ बमोजिमको अन्तरवार्ता तथा सुचिकरण समितिले मुल्याकंन गरी सुचिकृत गर्नुपर्नेछ :

(क) शैक्षिक योग्यता वापत जम्मा ६० अंक :
विशिष्ट श्रेणी वापत ६० अंक
प्रथम श्रेणी वापत ५५ अंक

द्वितीय श्रेणी वापत ५० अंक
तृतीय श्रेणी वापत ४५ अंक

(ख) कार्य अनुभव वापत जम्मा १० अंक :
प्रति वर्ष २ (दुई) अंकको दरले कार्य अनुभव पत्र संलग्न भएमा मात्र ।

(ग) स्थानीय बासिन्दा भए वापत जम्मा १० अंक
सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा १० अंक
सम्बन्धित जिल्लाको बासिन्दा भएमा ५ अंक

(घ) अन्तरवार्ता वापत अधिकतम २० अंक । यस अनुसार अंक प्रदान गर्दा न्युनतम ८ र अधिकतम १४ को सिमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद–५
## अन्तरवार्ता र सुचिकरण समिति सम्बन्धि व्यवस्था

६. परिच्छेद ४ को दफा ३ बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तरवार्ता लिई सुचिकरणको सिफारिस गर्न देहायको अन्तरवार्ता तथा सुचिकरण समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) स्वास्थ्य शाखा प्रमुख - सदस्य
(ग) कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य
(घ) शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

७. सूचिकरणको विवरण प्रकाशन गर्ने : परिच्छेद ४ को दफा ३ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई परिच्छेद ५ को दफा ४ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारको रोल नम्बर, नाम थर , ठेगाना आदी समेत उल्लेख गरी योग्यताक्रम अनुसार सुचिकरणको विवरण प्रकाशन गर्नेछ ।

८. दफा (७) बमोजिम सुचिकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सुची समेत प्रकाशन गर्नुपर्दछ र सिफारिस भएका उम्मेदवारको सुची सुचनापाटीमा समेत टाँस गर्नुपर्नेछ ।

९. दफा (७) बमोजिम योग्यताक्रममा रहेका उम्मेदवारहरुलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नु पर्नेछ ।

## परिच्छेद- ६
## करार सम्बन्धि व्यवस्था

१०. कार्यालयले छनौट भएका विद्यालय स्वास्थ्यकर्मीलाई ७ (सात) दिनको म्याद दिई करार सम्झौता गर्न सूचना दिनुपर्नेछ ।

११. दफा (१०) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसुची ३ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधी भित्र सम्पर्क राख्न नआएमा क्रमशः बैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

१२. दफा (११) बमोजिम करार गरे पश्चात अनुसुची ४ बमोजिमको पत्र कार्यालयले विद्यालय स्वास्थ्यकर्मीलाई दिनुपर्नेछ ।

१३. यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका विद्यालय स्वास्थ्यकर्मीको तलब भत्ता निजको खातामा निकासा हुनेछ ।

## परिच्छेद-७
## विद्यालय स्वास्थ्यकर्मीका लागि वडा छनौट सम्बन्धि व्यवस्था

१४. दफा ११ बमोजिम करार गरेका विद्यालय स्वास्थ्यकर्मीलाई वडा छनौटको लागि अनुसूचि ५ बमोजिमको वडा छनौट फाराम भराई वडा छनौट गराइनेछ ।

१५. दफा १४ बमोजिम विद्यालय छनौट गर्दा तपसिलका मापदण्डका आधारमा गरिनेछ ।

क) योग्यताक्रम
ख) घर पायक
ग) अपाङ्ग, असहाय

## परिच्छेद–८
## विद्यालय स्वास्थ्यकर्मीको कामकाज

१६. विद्यालय स्वास्थ्यकर्मीको कामकाज :

(क) विद्यालय स्वास्थ्यकर्मीले आफनो वडा भित्रको सम्पुर्ण आ.वि. (कक्षा १ देखि कक्षा ८ ) र मा.वि. (कक्षा १ देखि कक्षा १२) हरुमा तोकिए बमोजिमको हप्ते समय तालीका निमार्ण विद्यार्थीहरुको नियमित स्वास्थ्य चेक जाँच गराई सम्बन्धित विद्यालयहरुको प्र.अ.सँग प्रमाणित गराई मासिक रुपमा पालिकामा पेश गर्नुपर्नेछ ।

(ख) गाउँपालिकाले विद्यालय स्वास्थ्यकर्मीलाई महामारी वा स्वास्थ्य आपतकालको अवस्था वा अत्यावश्यक स्वास्थ्य सेवा वा अन्य स्वास्थ्य सेवा सम्बन्धि कामकाजमा जुनसुकै समयमा आवश्यकता अनुसार स्वास्थ्य संस्थामा खटाउन सक्नेछ ।

(ग) विद्यालयको वार्षिक क्यालेण्डर अनुसारको बिदा र सार्वजनिक बिदा बाहेक महामारी वा प्राकृतिक विपद् वा स्वास्थ्य आपतकालको अवस्थामा वा अन्य कुनै कारणले विद्यालय बन्द हुन गएमा पालिकाले विद्यालय स्वास्थ्यकर्मीलाई सम्बन्धित वडाको स्वास्थ्य संस्थामा कामकाज गर्नुपर्नेछ ।

## परिच्छेद–९
## विद्यालय स्वास्थ्यकर्मीको काम, कर्तव्य र अधिकार

१७. विद्यालय स्वास्थ्यकर्मीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय स्वास्थ्यकर्मीले स्वास्थ्य सम्बन्धि प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र प्रेषण सेवा उपलब्ध गराउनु पर्नेछ ।

(ख) विद्यालयमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि विद्यार्थीको अभिभावकसँग अनुसुची–१ बमोजिम पूर्व सुसूचीत मन्जुरीनामा लिनुपर्नेछ ।

(ग) विद्यार्थी/शिक्षक/कर्मचारीलाई थप उपचार आवश्यक भएमा अनिवार्य रुपमा अनुसूची–२ बमोजिमको प्रेषणपुर्जा भरेर सम्बन्धित स्वास्थ्य संस्थामा पठाउनु पर्नेछ ।

(घ) लागु पदार्थ दुर्व्यसनी न्यूनिकरणका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ङ) विद्यार्थीहरुको पोषण अवस्था सुधार गर्न पोषणयुक्त दिवा खाजाको व्यवस्थापनमा सहयोग पुर्याउने ।

(च) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनका लागि व्यवस्थापकिय भूमिका जस्तै योजना तर्जुमा, समन्वयात्मक भुमिका, अभिलेख, प्रतिवेदन तथा कार्यक्रमसँग सम्बन्धित अन्य कार्यहरु गर्नुपर्ने ।

(छ) गाउँपालिकाले खटाएका स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा सम्बन्धि कार्य गर्ने ।

(ज) विद्यालयहरुमा विद्यार्थीहरुको स्वास्थ्य जाँच गराई तोकिएको ढाँचामा मासिक रुपमा प्रगती प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद–१०
## विद्यालय स्वास्थ्य समन्वय समिति गठन

१८. गाउँ पालिकामा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको विद्यालय स्वास्थ्य समन्वय समिति रहनेछ :

(क) गाँउ पालिका उपाध्यक्ष – संयोजक

(ख) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य

(ग) वडा अध्यक्षहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको एक जना अध्यक्ष– सदस्य

(घ) कार्यक्रम सञ्चालन भएको विद्यालयहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना प्र.अ.– सदस्य

(ङ) शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख– सदस्य– सचिव

१९. उपदफा (८) बमोजिमको समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

## परिच्छेद–११
## विद्यालय स्वास्थ्य समन्वय समितिको काम, कर्तव्य र अधिकार

२०. विद्यालय स्वास्थ्य समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक सुधारका लागि अध्ययन गरी गाउँपालिकालाई सुझाव दिने,

(ख) कार्यक्रम सञ्चालनको लागि आवश्यक सामाग्री, औषधि, तालीम लगायतको विषयमा विद्यालय र पालिका विच समन्वय र सहजीकरण गर्ने,

(ग) विद्यालय स्वास्थ्यकर्मी कक्षको प्रभावकारी सञ्चालनको लागि गाउँपालिकालाई आवश्यक सल्लाह सुझाव दिने,

## परिच्छेद–१२
## विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

२१. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयमा कार्यक्रम सञ्चालनका लागि सहजीकरण र समन्वय गर्ने,
(ख) आवश्यक औषधि, उपकरणको सुनिश्चितता गर्ने,
(ग) विद्यालयमा सुर्तिजन्य पदार्थ, मदिराजन्य पदार्थ, जंक फुड लगायतका अन्य खाद्य पदार्थ नियन्त्रण गर्ने,
(घ) बालबालिका मैत्री/किशोर किशोरी मैत्री/स्वास्थ्य मैत्री विद्यालय निर्माण गर्ने,
(ङ) विद्यालयमा कार्यक्रम नियमित रुपमा प्रभावकारी ढंगले सञ्चालन भए नभएको हेर्ने र प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने,
(च) विद्यालय, गाउँपालिका र स्वास्थ्य चौकी वीच समन्वय गर्ने,
(छ) विद्यालयको योजना, कार्यक्रम र क्यालेण्डर बनाउँदा विद्यालय स्वास्थ्य सम्बन्धि व्यवस्था भए नभएको सुनिश्चतता गर्ने,
(ज) विद्यालय स्वास्थ्यकर्मीको करार सम्झौताको म्याद थपका लागि सिफारिस गर्ने र कार्य सम्पादन सन्तोषजनक नभएमा सेवाबाट हटाउन सिफारिस गर्ने,

## परिच्छेद–१३
## विद्यालय स्वास्थ्य इकाई गठन

२२. विद्यालय स्वास्थ्य इकाई गठन : (१) विद्यालयमा कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिम विद्यालय स्वास्थ्य इकाई रहने छ :

(क) स्वास्थ्य शिक्षक– संयोजक
(ख) महिला शिक्षक एक जना – सदस्य
(ग) विद्यार्थीहरु मध्येबाट एक–एक जना छात्रा र छात्र २ जना – सदस्य
(घ) विद्यालय नर्स– सदस्य– सचिव

## परिच्छेद–१४
## विद्यालय स्वास्थ्य इकाईको काम, कर्तव्य र अधिकार

२३. विद्यालय स्वास्थ्य इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन :

(क) विद्यालयमा सञ्चालन गर्नुपर्ने स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा गर्ने,
(ख) विद्यालय स्वास्थ्य सेवा ( प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रेषण) प्रवाह गर्न आवश्यक पर्ने उपकरण लगायत औषधि व्यवस्था गर्ने,
(ग) कार्यक्रम अन्तरगतका सम्पुर्ण सेवाहरु नियमित रुपमा प्रदान गर्ने,
(घ) बालबालिका तथा किशोर किशोरीमैत्री शिक्षा र बालविवाह नियन्त्रण गर्न विभिन्न क्रियाकलाप गर्ने,
(ङ) लागु पदार्थ दुर्व्यसनी न्युनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने,
(च) प्रदान गरिएका सेवाको अभिलेख चुस्त दुरुस्त रुपमा राख्ने,

## परिच्छेद–१५
## विद्यालय स्वास्थ्यकर्मीलाई विषय शिक्षकको रुपमा काममा लगाउन नहुने :

२४. विद्यालयले विद्यालय स्वास्थ्यकर्मीलाई विद्यालयको औपचारिक शिक्षा तर्फको स्वास्थ्य विषय पढाउन, सो विषयको प्रश्नपत्र निर्माण गर्न, उत्तरपुस्तिका जाँच गर्न वा त्यस्तै प्रकारका अन्य कार्य गर्न लगाउनु हुदैन ।

## परिच्छेद–१६
## विविध

२५. यस कार्यविधिमा रहेको व्यवस्था कार्यान्वयन गर्न बाधा अडकाउ परेमा अन्तिम निर्णय गर्ने अधिकार बैजनाथ गाउँपालिका रहनेछ ।

२६. यस कार्यविधिमा रहेको व्यवस्था सोही बमोजिम र नभएकाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२७. यस कार्यविधिमा रहेका प्रावधानहरु प्रचलित संविधान, संघिय, प्रदेश तथा स्थानीय कानुनसँग बाँझिएको हकमा यस कार्यविधिका बुँदाहरु बाँझिएको हदसम्म स्वतः निश्क्रिय हुनेछन ।

अनुसुची–१
(परिच्छेद-४ दफा ५ को उपदफा १ सँग सम्बन्धित)
बैजनाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

करारमा विद्यालय स्वास्थ्यकर्मी लिने सम्बन्धि सूचना

(सूचना प्रकाशित मिति : २०७९।   ।   )

बैजनाथ गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालय (आधारभूत कक्षा १ देखी कक्षा ८  र माध्यमिक तह) मा रहने गरी विद्यालय स्वास्थ्यकर्मीको रुपमा देहायको संख्या र योग्यता भएको विद्यालय स्वास्थ्यकर्मी राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, दरखास्त दस्तुर तथा सेवा शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट ....................................बाट उपलब्ध हुनेछ।

| पद | संख्या |
|---|---|
| विद्यालय स्वास्थ्यकर्मी (महिला) | |

**शैक्षिक योग्यता**

१) नेपाली नागरिक।
२) न्युनतम शैक्षिक योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा संस्थाबाट ३ बर्षे स्टाफ नर्स वा सि.एम.ए.वा अ.न.मी.उत्तिर्ण गरको।
३) १८ बर्ष पुरा भइ ४० बर्ष ननाघेको।
४) अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको।

नोटः स्टार्फ नर्सलाई विशेष विशेष ग्राहयता दिइनेछ।

**दरखास्तमा संलग्न गनुपर्ने :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, अनुभवको प्रमाणित प्रतिलिपी तथा प्रचलित कानुन बमोजिम नर्सिङ्ग काउन्सिल उत्तिर्ण प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गर्ने।

अनुसुची–२
(परिच्छेद-४ दफा ५ को उपदफा २ सँग सम्बन्धित)
बैजनाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरि उम्मेदवारको हस्ताक्षर

## करारको लागि दरखास्त फाराम

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठुलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं.: | | जारी गर्ने जिल्ला: | जारी मिति: |
| स्थायी ठेगाना | क) जिल्ला : | ख) न.पा./गा.पा.: | ग) वडा नं.: | |
| | घ) टोल | ङ) मार्ग/घर नं. | च) फोन नं.: | |
| पत्राचार गर्ने ठेगाना: | | | इमेल: | |
| बाबुको नाम, थर : | | | आमाको नाम, थर: | |
| बाजेको नाम, थर : | | | पति/पत्नीको नाम, थर: | |
| जन्म मिति | (वि.स.मा) | (इ.स.मा) | हालको उमेर : बर्ष महिना | |

ख) शैक्षिक योग्यता/तालीम ( दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालीम मात्र उल्लेख गर्ने )

| आवश्यक न्यूनतम योग्यता | विश्व विद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालीम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |
| | | | | | |
| | | | | | |

ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समुह/उपसमुह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधी | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम सहनेछु / बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानुन तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिना पूर्व सुचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहि छाप | | उम्मेदवारको दस्तखत: |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति: |
| कार्यालयले भर्ने: | | |
| रसिद नं./भौचर नं. | | रोल नं. |
| दरखास्त अस्वीकृत भए सो को कारण: | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत:<br>मिति: | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत:<br>मिति: | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
(१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, (२) समकक्षता वा सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपी, (३) न्यूनतम शैक्षिक योग्यता,

**अनुसुची-३**
**(परिच्छेद ६ को दफा ११ सँग सम्बन्धित)**

## करार सम्झौता

बैजनाथ गाउँपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको ) र .............जिल्ला,................. गाउँपालिका वडा नं......... बस्ने श्री ............................................................ (यस पछि दोस्रो पक्ष भनिएको) का बीच बैजनाथ गाउँपालिकाको श्री......................................................... विद्यालयमा विद्यालय स्वास्थ्यकमीको रुपमा काम काज गर्न गराउन मिति २०.................................. को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१) कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफुलाई तोकिएको समय र विद्यालयमा उपस्थित आफनो कार्य गर्नुपर्नेछ ।

२) करारमा काम गरे वापत पाउने पारिश्रमिक : पहिलो पक्षले दोस्रो पक्षलाई मासिक रुपमा निजको खाता मार्फत मासिक रु......................... उपलब्ध गराउनेछ ।

३) आचरणको पालना : दोस्रो पक्षले बैजनाथ गाउँपालिकाको प्रचलित कानुनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धि व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

४) विदाः दोस्रो पक्षलाई सार्वजनिक बिदा बाहेक कुनै पनि किसिमको विदा उपलब्ध हुने छैन । साथै विद्यालयका विदा भएको बखत वडा स्वास्थ्य चौकीका हाजिर भई सेवा उपलब्ध गराउनु पर्नेछ ।

५) कार्यालय तथा विद्यालयको सम्पत्तीको सुरक्षा : दोस्रो पक्षले कार्यालय र विद्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

६) गोप्यताः दोस्रो पक्षले विद्यालय तथा कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोस्रो पक्षबाट भराइनेछ र कालो सूचीमा समेत राखिनेछ ।

७) करार अवधी : यो करार अवधी ........................... देखि लागु भई............................ सम्म लागु हुनेछ ।

८) पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य : दोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी विद्यालयमा उपस्थित नभएको तथा सन्तोषजनक सेवा दिन नसकेको भनि विद्यालयको सिफारिस भएमा पहिलो पक्षले मौखिक वा लिखित स्पष्टिकरण लिन सक्नेछ । स्पष्टिकरण सन्तोषजनक नभएमा पहिलो पक्षले दोस्रो पक्षसँग सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टामा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्नेछ ।

९) प्रचलित कानुन लागू हुने : यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**गाउँपालिकाको तर्फबाट**
हस्ताक्षर :
नाम :
पद : शिक्षा शाखा प्रमुख
कार्यालयको छापः

**दोस्रो पक्ष (करार गर्ने व्यक्ति)**
हस्ताक्षरः
नामः
ठेगानाः

अनुसुची-४
(परिच्छेद ६ को दफा १२ सँग सम्बन्धित)
बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामपुर,बाँके
लुम्बिनी प्रदेश,नेपाल

च.न.: मितिः
प.स.:

**विषयः करार सम्बन्धमा ।**

श्री........................................................................
ठेगानाः.......................................................

तपाईलाई मिति २०..................... को निर्णयानुसार सूचिकरण गरिए बमोजिम बैजनाथ गाउँपालिका वडा नं........... मा रहेका मा.वि. तथा आ.वि. विद्यालयमा विद्यालय स्वास्थ्यकर्मीका लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति................................ देखि .................................... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीतापुर्वक र व्यवसायिक मुल्य मान्यता अनुरुप विद्यालयको नियमानुसार रहि गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफनो काम कर्तव्य पालना गर्दा यस गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना गर्नुहुन जानकारी गराइन्छ ।

........................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री शिक्षा, यूवा तथा खेलकुद शाखा : अभिलेख राख्नुहुन ।
श्री ..................................विद्यालय : नियमानुसार हाजिरी गराई सोको जानकारी यस कार्यालयमा गराउनुहुन ।

अनुसुची-५

(परिच्छेद ७ को दफा १४ सँग सम्बन्धित )

**वडा छनौट फाराम**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बैजनाथ गाँउपालिका
रामपुर, बाँके ।

विषयः सिफारिस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मिति ........................................ गते प्रकाशित करारमा सम्झौता भई तपसिलका वडाहरुमा हाजिर हुन चाएको अनुरोध छ ।

| वडा नं. | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

नामः
पदः
स्थायी ठेगानाः
सम्पर्क नं.:
हस्ताक्षरः
मितिः

अनुसुची-६

(परिच्छेद ६ को दफा ७ (ख) सँग सम्बन्धित )

**<u>सुसूचित मन्जुरीनामा</u>**

श्री.......................................विद्यालय
................................................... बाँके ।

यस विद्यालयको कक्षा ........... मा अध्ययनरत मेरो छोरा/छोरी बर्ष..........को................................. लाई विद्यालयमा रहदा/बस्दा वा पठनपाठनको क्रममा घाउ ,चोटपटक वा अन्य भवितव्य दुर्घटना भएमा आवश्यक प्राथमिक उपचार र प्रेषण गर्न अनुमति दिएको छु। सो क्रममा कुनै किसिमको भवितव्य परेमा विद्यालय नर्स/ विद्यालय परिवार उपर कुनै उजुर बाजुर गर्ने छैन भनी मेरो यो मन्जुरीनामा लेखि सहिछाप गरिदिएको छु।

अभिभावकको सही :

नाम, थर :

ठेगानाः

मितिः

सम्पर्क नं.:

मञ्जुरीनामा गराउने कर्मचारीको सही :

नाम, थर :

पदः

मितिः

अनुसुची–७
(परिच्छेद ६ को दफा ७ (ग) सँग सम्बन्धित )

**प्रेषण पुर्जा**

१) विरामी विद्यार्थी/ शिक्षक/कर्मचारी को नामः–
विद्यालयको नाम र ठेगानाः–

लिंगः बर्षः कक्षा : सेक्सन : मितिः

२) विरामीको स्वास्थ्य अवस्थाः

| तापक्रम (Temerature) | नाडीको गति (Pulse rate) | श्वास दर (Respiratory rate) | रक्तचाप ( Blood Pressure) | वजन (Weight) | उचाई (Height) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३) स्वास्थ्य समस्या/ लक्षणहरुः
४) प्रेषण पुर्व प्राप्त गरेको उपचार/सेवाहरु (औषधी सहित):
५) प्रेषण गरिनुका कारणहरुः
६) अन्य केही जानकारी भए :

श्री ........................................
..........................................बाँके ।

उपरोक्त विवरण भएको विरामीलाई आवश्यक स्वास्थ्य सेवाका लागि तहाँ पठाइएको छ । आवश्यक उपचार पश्चात फिर्ती जानकारी पठाइदिनुहुन अनुरोध छ ।

**प्रेषणकर्ता :**

सही

नाम,थर :

पदः

सम्पर्क नं.:

मितिः

आज्ञाले
गंगाराम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

मुद्रणः मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. १०/-
घरेलुदर्ता नं. ११९/४६१४/२०७०/२०७१